# परिच्छेद १
# सुशासन तथा सामाजिक जवाफदेहिताको अवधारणा

## १.१. सुशासनको सामान्य परिभाषा

सुशासन राज्य सञ्चालन प्रक्रियाको सबैभन्दा राम्रो कला हो । राज्य र राज्य अन्तर्गतका सेवाप्रदायक, चाहे ती प्रशासनिक वा सुरक्षा निकाय तथा सम्बन्धित अन्य संघ/संस्था हुन्, तिनले आ-आफ्नो आन्तरिक लोकतान्त्रिकीकरण सहित सुशासनलाई बलियो बनाउनुपर्छ । त्यस्तै, सामुदायिक संस्थाहरु परिवर्तनका बाहक तथा सचेतनाका माध्यमसमेत भएकाले समुदाय तथा स्थानीय तहमा सुशासन प्रबर्द्धन गर्ने महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने हुन्छ ।

शासनको परिभाषामा विभिन्न मत पाइन्छन् तथापि तिनमा अन्तरनिहित सारतत्वमा समानता पाउन सकिन्छ । विश्व बैंकले शासनलाई शासक र शासितबीचको सम्बन्धको प्रकृतिलाई निश्चित गर्ने भूमिकाका रुपमा व्याख्या गर्छ । संयुक्त राष्ट्र संघ विकास नियोग (युएनडिपी) का अनुसार असल शासनले सभ्य समाज प्रबर्द्धन गर्छ जहाँ सबैभन्दा कमजोर स्थितिमा रहेका समूहले पनि प्रतिष्ठा कायम राख्न सक्छन् र शासकहरु जनताप्रति जवाफदेही हुन्छन् । त्यस्तै गरी आइडिएका अनुसार शासन सहभागितामूलक, पारदर्शी, जवाफदेही र समानतामा आधारित हुनुपर्छ । यसले व्यक्तिको नभई विधिको शासनलाई प्रबर्द्धन गर्नुका साथै राजनीतिक, सामाजिक र आर्थिक प्राथमिकताहरु समाजको व्यापक सहमतिमा निर्धारित गर्छ । अक्सफामका अनुसार शासनले शक्ति संरचना र सम्बन्धलाई इङ्गित गर्छ । यसले राज्यका संस्था वा निकायले जनताको सक्रिय संलग्नता सुनिश्चित गर्दै पारदर्शी तथा जवाफदेही तरिकाले सेवा प्रदान गर्छ । यो त्यस्तो पद्धति हो जसमा तीनवटा कुरा पर्छन् :

**क.** संस्थाहरु - औपचारिक, अनौपचारिक, सरकारी, व्यावसायिक तथा निजी संघ/संस्थाहरु
**ख.** नागरिक- व्यक्तिहरु, सङ्गठित समूहहरु, औपचारिक तथा अनौपचारिक गैरसरकारी संस्थाहरु, नागरिक समाज संस्थाहरु
**ग.** नियम/कानुन - औपचारिक नीति/नियम, कानुन तथा नियमावली एवं मूल्य/मान्यता र अभ्यासहरु तथा यी सबै बीचका अन्तरक्रियाहरु

माथिका तीनैवटा कुरा राज्यमा कत्तिको सन्तुलित र व्यावहारिकरुपमा कार्यरत छन् भन्ने कुराले त्यहाँको शासन प्रणालीले देखाउँछ । सरकारी निकायहरुमा सर्वसाधारण नागरिकको सहज पहुँच छ कि छैन, सर्वसाधारण नागरिक आफूले राज्यबाट पाउने सेवा/सुविधाप्रति कति जानकारी राख्छन् ? उनीहरु आफ्ना कर्तव्य पालना कत्तिको गर्छन् र राज्यबाट पाइने सेवा/सुविधा लिने कुरामा कत्तिको

क्षमता राख्छन् भन्ने कुराले त्यहाँको शासन कस्तो छ भन्ने देखाउँछ । त्यसैगरी राज्यले जनतालाई पुऱ्याउने सेवा/सुविधा र जनताका कर्तव्यका लागि कस्ता नियम/कानुन, नीति/नियम छन् र ती कुरा तयार गर्दा नागरिक कत्तिको संलग्न छन् र? ती नीति, कानुन तथा नियमावलीहरु व्यवहारमा कत्तिको ल्याइएको छ भन्ने कुरा पनि त्यति नै महत्वपूर्ण हुन्छ ।

यसैगरी यी तीनैवटा कुराको आपसी सम्बन्ध र अन्तरक्रियाको पद्धति पनि सेवाका क्षेत्रअनुसार फरक पर्न सक्छन् । जस्तै- स्वास्थ्य सेवाका लागि अलग किसिमको नीति/नियम, नियमावली हुन्छन् भने वातावरण संरक्षण तथा जलवायु परिवर्तनका क्षेत्रमा काम गर्ने निकायका लागि अलग किसिमका कानुन, नीति, नियमावलीहरु हुन्छन् । यस कारण शासन प्रणालीमा खास गरेर नीति/नियम र कानुन के के छन् ? ती नीति/नियम, कानुन कसरी तयार गरिन्छन् र कसरी कार्यान्वयनमा ल्याइन्छन् भन्ने कुराले नै धेरै महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

सारांशमा भन्दा माथिका तीनैवटा पक्षलाई समान महत्व दिँदै राज्यले नागरिकको संलग्नतामा नीति/नियम तथा कानुनको तयारी र कार्यान्वयन गर्न उपयुक्त वातावरण सिर्जना गर्ने र विभिन्न विकासका योजना बनाउन, कार्यान्वयन गर्न र लाभहरु वितरण गर्न गरिने सबैखाले कार्य जति राम्ररी सम्पन्न गरियो त्यति नै राम्रो शासन अथवा सुशासन भएको मानिन्छ । शासकहरुले यस्ता क्रियाकलाप नराम्ररी वा जथाभावीरूपमा गर्न थालेमा त्यसलाई कुशासन भनिन्छ । यी सबै परिभाषा हेर्दा सुशासनले मात्र पारदर्शिता र जवाफदेहिता बढाउँदै असमानता कम गरी विपन्न महिला तथा पुरुषको जीवनलाई सही अर्थमा रुपान्तरण गर्न मद्दत गर्छ भन्न सकिन्छ ।

## १.२. सुशासनका मुख्य आधार

### (क) जवाफदेहिता

संस्था अथवा कुनै पनि कार्यालयले निर्णय प्रक्रियामा लक्षित समुदाय वा सरोकारवालाहरुको चासो र आवश्यकतालाई समेट्दै आफूले गरेको प्रतिबद्धता अनुसार नै काम गर्ने जिम्मेवार प्रक्रियालाई जवाफदेहिता भनिन्छ । यो सम्बन्धित निकायको कर्तव्य हो । नागरिकको इच्छा, आकाङ्क्षा, आवश्यकता र समस्याप्रति संवेदनशीलता/सचेतना तथा समाज, सरकार तथा साझेदार व्यक्ति र संस्थाप्रति जवाफदेहिता बहन गर्नु नै जवाफदेहिता हो । जवाफदेहिताका मूलतः चारवटा आयाम हुन्छन् क) पारदर्शिता, ख) गुनासा र प्रतिक्रिया लिने/दिने व्यवस्था वा संयन्त्र, ग) सहभागिता र घ) निरन्तर मूल्याङ्कन र सिकाइ । यी चारवटा कुराले ती निकायलाई सदैव सरोकारवालाप्रति चासो दिइरहने, उत्तरदायी भइरहने वातावरण सिर्जना गर्छ ।

### (ख) पारदर्शिता

कुनै पनि संस्थाले खुलस्त पार्नु पर्ने जानकारीहरू उपयुक्त स्थानमा र सर्वसाधारण नागरिकले पनि सजिलै बुझ्न सक्ने भाषा र ढाँचामा उपलब्ध गराइनु नै पारदर्शिता हो । संस्थाको नीति निर्णयमा सर्वसाधारणको पहुँच सुनिश्चित गर्नका लागि समुदाय र सरोकारवालाहरूलाई संस्था के हो ? यसको संरचना कस्तो छ ? यसले किन र कसरी स्रोत र साधनको परिचालन र वितरण गर्छ भन्ने कुरा खुलस्त पार्नुलाई पारदर्शिता भनिन्छ । संस्थामा पारदर्शिताको तह कति छ भन्ने कुरा त्यहाँबाट सूचनाको प्रवाह कत्तिको स्वतन्त्ररूपमा हुन्छ भन्ने कुराले निर्धारण गर्छ ।

### (ग) विधिको शासन

विधि भन्नाले कुनै पनि संस्था वा निकायले गर्नुपर्ने कार्य तथा कार्यालय सञ्चालन गर्न तोकिएको नियम, नीति, नियमावली र कार्यविधि हुन् । संस्था वा निकायका हरेक गतिविधि सञ्चालन गर्न कार्यविधि तोकिएको हुनुपर्छ र यसैका आधारमा कुनै पनि निर्णयहरू गर्नुपर्छ । तिनै कार्यविधि अनुसार नियमितरूपमा सञ्चालन हुनुलाई विधिको शासन भनिन्छ ।

### (घ) सहभागिता

नीति निर्माण गर्ने, योजना बनाउने, योजना कार्यान्वयन गर्ने सबै प्रक्रियामा जाति, वर्ग, धर्म, लिङ्ग, क्षेत्र र लक्षित वर्गलाई समानताका आधारमा संलग्नता गराउनुलाई सहभागिता भनिन्छ । महिला, जनजाति, दलित, अपाङ्ग, मधेसी, नयाँ पुस्ता, दुर्गम क्षेत्रका बासिन्दा, अल्पसङ्ख्यक, बालबालिका लगायत राज्यको मूलधारबाट बाहिर पारिएका समुदाय र वर्गलाई सबै क्रियाकलापमा अर्थपूर्ण सहभागिता गराउनुपर्छ ।

## १.३. सामाजिक जवाफदेहिता

सुशासनको एक महत्वपूर्ण पक्ष सामाजिक जवाफदेहिता पनि हो । यो सार्वजनिक हितका निर्णय गर्ने र यसको कार्यान्वयन गर्ने कुरामा सबैखाले नागरिकको संलग्नता सुनिश्चित गर्दै उनीहरूको सरोकारका सवाललाई पनि समेटेर कार्यान्वयन गर्ने पद्धति हो । सार्वजनिक क्षेत्रको कुनै पनि कुराहरू निर्णय गर्दा त्यस निर्णयले कसलाई के/कस्तो असर पर्छ भन्ने कुरा सोच्नुपर्छ । जस्तै- कुनै स्थानमा फोहोरमैला विस्थापन गर्ने ठाउँ बनाउने भन्ने निर्णय अथवा कुनै सार्वजनिक स्थानमा खुला गाईवस्तु बन्देज लगाउने कुरा आदि हुन सक्छन् । यस्ता कुराले सरकारी निकाय तथा अन्य सेवाप्रदायक संस्थाहरूलाई नागरिकको चासो र आवश्यकतासमेत समेटेर सेवा प्रदान गर्न बाध्य बनाउँछ । सामाजिक जवाफदेहिताले सार्वजनिक निकायले गरेका कार्य तथा कार्यान्वयन प्रक्रियाका सम्बन्धमा जनताको दृष्टिकोण र बुझाइसमेत सङ्कलन गरी नीति निर्माण तहमा आवश्यक सुधार

तथा परिमार्जन गर्न मद्दत गर्छ । यसले नागरिक समाजलाई सरकारी निकायका काम कारबाही अनुगमन गर्ने, उनीहरूसँग आमने/सामने भई कामको र काम गर्दाका व्यवहार, प्रस्तुति, कामको गुणस्तरका विषयमा समयमै सुझाव र प्रतिक्रिया दिने र सुधार गर्न मौका दिनेसमेत कुरामा सहभागी बनाउँछ ।

सामाजिक जवाफदेहिताले प्रत्यक्षरूपमा गुणस्तरीय सार्वजनिक सेवा प्रवाह वृद्धि गर्न सहयोग गर्छ भने अप्रत्यक्षरूपमा सेवाप्रदायक र सेवाग्राही दुवैको दक्षता अभिवृद्धिसमेत गर्छ । यसले प्रतिबद्धतामा आधारित नागरिक जवाफदेहिता निर्माण गर्छ जसमा नागरिकहरू प्रत्यक्ष वा अप्रत्यक्षरूपमा सेवाप्रदायक, राजनीतिज्ञ तथा सामाजिक पदाधिकारीहरूबाट जवाफदेहिता माग गर्न सहभागी हुन्छन् ।

## सामाजिक जवाफदेहिताको महत्व र आवश्यकता

सामाजिक जवाफदेहिताको महत्वलाई निम्न लिखित बुँदाहरूमा उल्लेख गरिएको छ :

- ✓ नागरिकलाई उनीहरूको हक/अधिकार र कर्तव्य सम्बन्धी सूचना प्रदान गरी अधिकार र कर्तव्य बोध गराउन,
- ✓ नागरिकका हक/अधिकार हरण गर्ने वा गर्न सक्ने भ्रष्ट अभ्यासहरू (Corrupt practices) को पर्दाफास गरी रोकथाम तथा नियन्त्रण गर्न,
- ✓ सरकार तथा सेवाप्रदायकहरूलाई नागरिकप्रति खुला, पारदर्शी तथा इमान्दार बनाउन,
- ✓ नागरिकहरू सत्य पत्ता लगाउन सक्छन् भन्ने यथार्थ राज्य, अन्य सेवाप्रदायकलाई बोध गराउन,
- ✓ राज्य वा सेवाप्रदायकले के/के गर्न सके वा सकेनन् भन्ने कुरा नागरिकलाई जानकारी प्रदान गर्न,

सामाजिक जवाफदेहिताले निम्नलिखित पक्षमा मद्दत गर्छ :

- ✓ सार्वजनिक खरिद प्रक्रियाका विषयमा ज्ञान दिलाउँछ,
- ✓ सरकार, सेवाप्रदायक र नागरिक (सेवाग्राही) बीच दोहोरो र सहज सम्बन्ध स्थापित हुन्छ,
- ✓ सुसूचित र कर्तव्यबोध सहितको नागरिक वर्ग तयार भई एउटा नयाँ युग सुरु हुन्छ,

## १.४. स्थानीय तहमा जलवायु तथा वातावरणसम्बन्धी प्रावधानहरू

जलवायु परिवर्तन र वातावरणसम्बन्धी स्थानीय तहको काम, कर्तव्य र जिम्मेवारीसम्बन्धी प्रावधान मुख्यरूपमा तीनवटा कानुनमा उल्लेख छ :

# सामाजिक जावफदेहिता

विष्णुपुकार श्रेष्ठ

**सामाजिक जवाफदेहिता के हो ?**

वर्तमान विश्वमा राज्य र राज्यका निकाय तथा नागरिकलाई सेवा प्रदान गर्ने निकायहरुलाई उनीहरुको कामप्रति जवाफदेही बनाउने धारणा प्रबल रुपमा अगाडि आएको छ । तर जवाफदेहिता के हो भन्ने विषयमा सबैको मत एकै प्रकारको छैन । सामान्य अर्थमा जवाफदेहिता मानवअधिकारसँग सम्बद्ध विषय हो । यो सार्वजनिक सेवासँग सम्बन्धित छ । सार्वजनिक सेवा प्रवाहमा दुई पक्ष/पाटोको सम्बन्ध रहेको हुन्छ । एक पक्ष सेवा प्रदायक र अर्को पक्ष सेवाग्राही । सेवा प्रदायकले सेवाग्राहीलाई सहज, सरल, छिटो-छरितो, पारदर्शी ढंगले सेवा प्रदान गर्नु पर्ने दायित्व हुन्छ । सेवा प्रदायकको त्यो सामाजिक/कानुनी दायित्व नै सामाजिक जवाफदेहिता हो । संक्षेपमा सामाजिक जवाफदेहिता भनेको राज्य र राज्यका निकायहरु समाजप्रति उत्तरदायी हुने समग्र प्रक्रियाको संश्लेषित अभिव्यक्ति हो भन्न सकिन्छ ।

**सामाजिक जवाफदेहितालाई अझ स्पष्ट संग बुझ्न जवाफदेहिताका निम्न विशेषताहरू बारे थाहा पाउनु उपयुक्त हुन्छ ।**

- जवाफदेहिता **मानवअधिकार** सँग सम्बन्धीत विषय हो । जवाफदेहिता भनेको राज्यले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा गरेका प्रतिवद्धता एवम् वाचाहरु आत्ना नागरिकहरुलाई प्रत्याभूत गराउने जिम्मेवारी हो । यस्तो वाचा वा प्रतिवद्धता पुरा गर्ने जिम्मेवारी कस्को भन्ने बुझ्न जरुरी हुन्छ । तसर्थ जवाफदेहिता नागरिक र राजनीतिक व्यक्ति/जनप्रतिनिधि र कर्मचारी/ संघ संस्था र तिनका सदस्यहरु मुख्यत: राज्य र नागरिकहरुको सम्बन्ध हो ।

- जवाफदेहिता भनेको **जिम्मेवारी** हो । सरकारी ओहोदामा रहेका व्यक्तिको नागरिकलाई सेवा दिनु कर्तव्य हो । यदि सेवा प्रदान गर्दा कमी कमजोरी भएमा त्यसबारे स्पष्टिकरण दिन र परिणाम भोग्न बाध्यपारिनु जवाफदेहिता हो ।

- जवाफदेहिताका लागि प्रभावकारी **सहभागिता** आवश्यक पर्दछ । यसले नागरिक समाज र सरोकारवालाहरुलाई नागरिक खवरदारी र निगरानी गर्ने स्थान सुरक्षित राख्छ । प्रभावकारी सहभागिताको अभावमा जवाफदेहिताले पूर्णता प्राप्त गर्न सक्तैन ।

- जवाफदेहिता **शक्ति** सँग सम्बन्धित हुन्छ । शक्तिको दुरुपयोगका कारण बढ्ने स्वेच्छाचारितालाई न्यूनीकरण गर्नका लागि अनुगमन, नियन्त्रण र सन्तुलित नियन्त्रण गर्नु जवाफदेहिता हो । तसर्थ जवाफदेहिता बुझ्ने राज्य र समाजमा विद्यमान निकाय एवम् व्यक्तिहरुको शक्तिको विश्लेषण जरुरी हुन्छ ।

- जवाफदेहिता भनेको **पारदर्शिता** हो । पारदर्शिता भनेको सूचनामा पहुँच हो । आत्ना नेताहरु र सार्वजनिक सेवा प्रदायक संस्थाहरुलाई जवाफदेही बनाउन र अनुगमन गर्न सार्वजनिक कार्यहरु पारदर्शी र खुल्ला हुनु अनिवार्य छ ।

- जवाफदेहिता फस्टाउनको लागि **विधिको शासन** अनिवार्य छ । जवाफदेहिताको मापन विधिको शासनका आधारमा गरिन्छ ।

उपर्युक्त विशेषतालाई समेटेर सामाजिक जवाफदेहितालाई बुझ्दा के निचोड आउछ भने जवाफदेहिता सेवा प्रदायक व्यक्ति/संस्था सँग सम्बद्ध दायित्व हो । राज्यले मानवअधिकार प्रत्याभूतिका लागि गरेका प्रतिवद्धता एवम् बाचाको विधि सम्मत कार्यान्वयन हों । सेवा प्रदायकका ती कार्यहरु पारदर्शी, सहभागितामूलक छन् या छैनन् र शक्ति प्राप्त व्यक्तिले आत्नो प्रतिवद्धता एवम् वाचाहरु विधि सम्मत पुरा गरे या गरेनन् त्यसको लेखा जोखा गर्ने र नगरेको अवस्थामा दण्डित गराउने साधन जवाफदेहिता हो । सामाजिक जवाफदेहिताको अर्थ राज्य, व्यक्ति/संघ संस्थासँग दायित्व हुन्छ र त्यो दायित्व पुरा गर्न निश्चित सूचक हुन्छन ती पुरा भएनन भने त्यो व्यक्ति वा संस्था परिणाम स्वीकार्न कानुनतः वाध्य हुन्छ भन्ने हो । जवाफदेहिता भनेको परिवर्तन हो ।

**जावफदेहिताका किसिम**

वर्तमान विश्व राज्य प्रणालीमा जवाफदेहिता कायम गर्ने विविध संयन्त्रहरु राज्य र नागरिकहरुले निर्माण गरेको पाइन्छ । त्यस्तो जवाफदेहिता कायम गर्ने संयन्त्रहरुलाई त्यस्को स्वरुप अनुसार मुख्यतः निम्न अनुसार विभक्त गर्न सकिन्छ । जवाफदेहिताको किसिमको निर्धारण कार्य सम्पादन र नेतृत्वको आधारमा छुट्टयाउने गरिन्छ ।

**क) कार्यसम्पादनको आधारमा जवाफदेहिताः**

कार्य सम्पादनको आधारमा जवाफदेहितालाई २ प्रकारले बुझ्न सकिन्छ ।

**१. तेर्सो जवाफदेहिता** : यसप्रकारको जवाफदेहितामा राज्यका एक निकायलाई राज्यकै अर्को निकायले सो निकायलाई तोकिएको नियम कानुनको अधिनमा कार्यसम्पादन गरेको छ, छैन त्यसको अनुसन्धान र निरिक्ष्ँण गर्ने गरिन्छ । लोकतान्त्रिक शासन व्यवस्था सञ्चालन भएका राज्य प्रणालीका विधायिका, कार्यपालिका र न्यायपालिका त्यस्तै निकाय हुन जसले एक अर्काको जवाफदेहिता जाँच्दछ । त्यसैले यि निकायलाई सर्प, विच्छि र भ्यागुताको संज्ञा दिने गरिन्छ । यसलाई अर्को अर्थमा शक्तिको पृथकिकरण पनि भनिन्छ । यि अङ्गहरु राष्ट्रिय, क्षैत्रीय र स्थानीय स्तरमा कार्यरत हुन्छन् र एक अर्काको कार्यको निरिक्षण अनुगमन एक अर्काले गरिरहेका हुन्छन् । यस्तो जवाफदेहितालाई तेर्सो जवाफदेहिता भनिन्छ । महालेखा परीक्ष्ँक, मानवअधिकार आयोग, राष्ट्रिय सतर्कता केन्द्र, अख्तियार दुरुपयोग अनुसन्धान आयोग जस्ता राज्यका अङ्गहरु पनि यस किसिमको जवाफदेहिता कायम गराउने अङ्ग हुन् ।

महालेखा परीक्ष्ँक, मानवअधिकार आयोग, राष्ट्रिय सतर्कता केन्द्र, अख्तियार दुरुपयोग अनुसन्धान आयोग जस्ता राज्यका अङ्गहरु पनि यस किसिमको जवाफदेहिता कायम गराउने अङ्ग हुन् ।

**२. ठाडो जवाफदेहिता** : राज्यद्धारा सञ्चालित तेर्सो जवाफदेहिता सृजना गर्ने अङ्ग बाहेक राज्यको अङ्ग निर्माण गर्ने सन्दर्भमा नागरिकहरुपनि सहभागी बन्दछन् । जस्तोकि, व्यवस्थापिकाको गठनमा नागरिकहरु सहभागी हुन्छन् । व्यवस्थापिका निर्माणमा निर्वाचनको माध्यमबाट नागरिकहरुले नेताहरुलाई चुन्दछन् । नेताहरुको कार्य समिक्षा गरेर फेरी उसलाई त्यो पदमा निर्वाचित गर्ने या नगर्ने फैसला नागरिकहरुले नै गर्दछन् । यसप्रकार निर्वाचित नेताहरु जनता प्रति उत्तरदायी हुने जवाफदेहितालाई ठाडो जवाफदेहिता भनिन्छ । यस्तो जवाफदेहितामा तलको अर्थात जनताको भुमिका महत्वपूर्ण हुन्छ । यस प्रकारको जवाफदेहिताका मूल कर्ता नागरिक र राज्य हुन् ।

**ख) संयन्त्रको नेतृत्वको आधारमा जवाफदेहिता :**

संयन्त्रको नेतृत्व कसले गर्छ भन्ने आधारमा पनि जवाफदेहिताको किसिम छुट्याउने गरिन्छ। यस प्रकारको जवाफदेहितामा राज्य र नागरिकहरुद्वारा नेतृत्व गरिएको संयन्त्रहरु पर्दछन्।

**१. राज्यद्वारा नेतृत्व गरीएको जवाफदेहिता :** यसप्रकारको जवाफदेहितामा जवाफदेहिता संयन्त्रको नेतृत्व राज्यले गर्दछ। राज्यले नेतृत्व गरेपनि पृष्ठपोषण तलबाट लिइन्छ। तलको अर्थ नागरिकबाट भन्ने हो। उदाहरणको लागि राज्यले नेतृत्व गरेको संयन्त्र निर्वाचन आयोगले निर्वाचन गर्दछ। निर्वाचनमा महत्वपूर्ण भुमिका जनता अर्थात नागरिकको हुन्छ, परन्तु निर्वाचन राज्यद्वारा निर्मित संयन्त्र निर्वाचन अयोगले गराउँछ।

**२. नागरिकद्वारा नेतृत्व गरिएको जवाफदेहिता :** जनता आफैले सृजना गरेका अर्थात चलाएका जवाफदेहिता सम्बन्धी संयन्त्रहरु यस कोटीमा पर्ने जवाफदेहिता संयन्त्र हुन्। कुनै पदाधिकारीलाई तोकिएको कार्य सम्पादन ठीक बेठीक कसरी सम्पादन गऱ्यो जाँच्न नागरिकहरुले सार्वजनिक सुनुवाई गर्दछन् र सम्बन्धित व्यक्तिलाई जवाफदेही बनाउँछन् भने त्यो बेला क्रियाशील संयन्त्र नागरिकहरुले नेतृत्व गरेका हुन्छन्। हालकि त्यहाँ सरकारी पक्ष पनि मौजुद हुन्छ।

जवाफदेहिता किन जरुरी छ ?

शासन प्रक्रिया भनेको नागरिक र राज्य बीचको अन्तरक्रिया हो। शासन सञ्चालन राज्यले तैयार पारेको नीति नियम र कानुनको आधारमा हुनुपर्दछ। कुनै पनि शासन लोकतान्त्रिक हो वा होइन भन्ने थाहा पाउन त्यो राज्यमा सञ्चालित शासन व्यवस्था विधिमा आधारित छ या छैन, त्यो कति पारदर्शी छ, नीति नियम निर्माणमा जनसहभागिता या जनताको पहुँच छ छैन, कति मानवअधिकार मैत्री छ भन्ने जस्ता विषयले निर्धारण गर्दछ। यसको अलावा राज्यले आफुले गरेको र गर्ने कामको जानकारी आम नागरिकलाई थाहा दिएको छ, छैन। नागरिकहरुप्रति उसको व्यवहार कस्तो छ, नागरिकहरुको आवश्यकता पुर्ति गर्न उ कति संवेदनशील छ भन्ने कुराले पनि राज्य लोकतान्त्रिक हो, होइन भन्ने निर्क्योल गर्दछ। लोकतान्त्रिक शासन प्रणालीमा सवै नागरिकहरुलाई समान न्यायको अवसर प्रदान गरिएको हुन्छ। जवाफदेहिता राज्यलाई न्यायपूर्ण र लोकतान्त्रिक बनाउने साधन हो। तसर्थ लोकतान्त्रिक राज्य तथा समाजमा जवाफदेहिताको आवश्यकता निम्न कारणले छ।

१. जनताको इच्छा बमोजिम शासनव्यवस्था सञ्चालन गर्न। स्थानीय राजनीतिज्ञ, कर्मचारी र जनताबीचको सम्बन्ध विकास गर्न।
२. सरकार संग भएको व्यापक शक्ति दुरुपयोग नहोस् भनी सरकारलाई नियन्त्रण गर्न।
३. न्यायपूर्ण र लोकतन्त्रिक शासन व्यवस्था कायम गर्न। सूचनामा पहुँच बृद्धि गर्न।
४. निर्धारित नीति, नियम र कानुनको पालना गराउन। जिम्मेवारी सुनिश्चित गर्न।
५. समाजमा सदाचारको विकास गर्न। पारदर्शिता बृद्धि गर्न। सुशासन कायम गर्न।
६. लोकतन्त्रको जग मजबुत गर्न। विधिको शासनलाई प्रवर्द्धन गर्न।
७. जनताको आत्मसम्मानमा बृद्धि गर्न र मानवअधिकारको प्रवर्द्धन गर्न।

**जवाफदेहिताका लागि नागरिक समाजको भूमिका:**

सेवा प्रदायक संस्थाहरुको कामको सन्तुलन र नियन्त्रण गर्नु राज्यको/सरकारको काम हो। न्यायपूर्ण र लोकतान्त्रिक शासन प्रशासनका लागि राज्य मात्र जिम्मेवार भएर

पुग्दैन । त्यस राज्यको नागरिक पनि त्यत्तिकै जिम्मेवार हुनुपर्दछ । सरकारलाई जवाफदेहि बनाउनु नागरिकहरुले पनि जिम्मेवारी बहन गर्नुपर्दछ ।

आधुनिक राज्य प्रणालीमा लोकतान्त्रिक र जवाफदेहि सरकार निर्माणमा नागरिक समाजले महत्वपूर्ण भूमिका निर्वाह गरेका उदाहरणहरु छन् । नागरिक समाज त्यस्तो दवाव समूह हो जो जहिले पनि जनपक्षीय हुन्छ र जनताको हित र रक्षा एवम् उनीहरुको जीवनस्तर उकास्न सरकार समक्ष दवाव सृजना गरिरहन्छ । लोकतन्त्रमा नागरिक समाजको भूमिका सदैव प्रतिपक्षँको जस्तो भैरहन्छ र सरकारलाई सदैव रचनात्मक आलोचना गरिरहन्छ । लोकतान्त्रिक जवाफदेहिताका लागि नागरिक समाजले निम्न भूमिका निर्वाह गर्न सक्तछ ।

१. सरकारका आचरण, व्यवहार, प्रशासन र जनतासंग गरेका व्यवहारहरुलाई नजिकबाट नियाल्न सक्तछ ।

२ राज्य संयन्त्र बाहिर रहेर नागरिक समाजले सरकारी कामको अनुगमन गर्न सक्तछ ।

> **जवाफदेहितामा काम गर्न धेरै होशियार हुन जरूरी छ । होशियार हुनु भनेको जवाफदेहिता वारे राम्ररी बुझ्नु, त्यसका लागि गरिने कार्यका चरणहरू वारे थाहा पाउनु, नियम कानुनको अध्ययन गर्नु र त्यो कार्य सम्पादन गर्ने सीप र कलावारे क्षमता अभिवृद्धि गर्नु हो ।**

३ खराब आचरण र कार्य प्रणालीका बारेमा पर्दाफास र भण्डाफोर गर्न सक्तछ ।

४ राज्यको नियन्त्रणमा रहेका जवाफदेहिता सम्वन्धी संयन्त्रहरुले गरेका कामहरुको अनुगमन गर्ने र त्यसलाई प्रभावकारी बनाउने काम गर्न सक्तछ ।

५ औपचारिक दण्ड सजाय संयन्त्र प्रभावकारी बनाउन राज्य पक्षलाई प्रोत्साहित गर्ने र सूचना उपलब्ध गराइ सहयोग गर्न सक्तछ ।

६. सेवा प्रदायकहरुको प्रतिवद्धता जाँच गर्ने, प्रतिवद्धता पुरा नगरे त्यस उपर उजुरी वा अपील गरेर, प्रमाणहरु पर्याप्त रुपमा संकलन गरेर विभिन्न शक्ति केन्द्रहरुमा आवाज बुलन्द पार्न सक्तछन् जस्तो संसदीय सुनुवाई, सोधपुछ सम्बन्धी निकायहरु, आयोजकहरु, सल्लाहाकार समिति मार्फत जवाफदेहिता बृद्धि गर्न सहयोग पुऱ्याउन सक्तछ ।

७. नविन खोजमूलक विधि र मोडल निर्माण गरी जवाफदेहिताका लागि सहयोग पुऱ्याउन विशेष भूमिका खेल्न सक्तछ । जुन विधि सरकार, राज्य र स्वयम् समाजका लागि पनि जवाफदेहिता सृजना गर्न सहयोगी हुन सक्तछ ।

८ जवाफदेहिता बृद्धि गर्न जनता र राज्य बीचको पुलको भूमिका निर्वाह गर्न सक्तछ ।

९ आम नागरिक तथा बहिष्करणमा परेका जनताहरुबीच सामाजिक जवाफदेहिता र सूचनाको महत्ववारे सूसुचित गरी सामाजिक सदाचार वृद्धि गरी त्यस्ता जनतालाई सशक्तिकरण गर्न सक्तछ ।

१० नागरिक समाजले जनपरिचालन गरी जवाफदेहिताप्रति जिम्मेवार बनाउन एवम् कानुनी बाटो अवलम्बन गरी पूर्ण जवाफदेही बनाउन विशेष भूमिका खेल्न सक्तछ ।

## १. नागरिकहरुले जवाफदेहिता कार्यको लागि कसरी काम गर्नुपर्दछ ?

न्यायपूर्ण र लोकतान्त्रिक शासन व्यवस्था निर्माण गर्न नागरिकहरु क्रियाशील र सचेत हुनुपर्छ । त्यो उनीहरुको दायित्व पनि हो । जवाफदेहितामा काम गर्ने कुरा सजिलो छैन । जवाफदेहितामा काम गर्न धेरै होशियार हुन जरुरी छ । होशियार हुनु भनेको जवाफदेहिता वारे राम्ररी बुझ्नु, त्यसका लागि गरिने कार्यका चरणहरु बारे थाहा पाउनु, नियम कानुनको अध्ययन गर्नु र त्यो कार्य सम्पादन गर्ने सीप र कलावारे क्षमता अभिवृद्धि गर्नु हो । जवाफदेहिता कार्यका लागि समाजमा रहेका इच्छुक व्यक्तिहरु (सरोकारवाला मध्येबाट) को समूह निर्माण गरी उनीहरुलाई तालिम दिनुपर्दछ । तालिम प्राप्तहरुलाई फिल्डमा खटाई तालिमको प्रयोग गराउनु पर्ने हुन्छ । जे होस जवाफहेहिता सम्बन्धी कार्य गर्दा सीप र ज्ञानको संयोजन जरुरी छ । यसका साथै जवाफदेहिताका चरणहरुबारे पनि थाहा पाउनु जरुरी हुन्छ । जवाफदेहिता कार्यका लागि नागरिक समाजले यसको थालनी पूर्व निम्न चरणहरु पार गर्नुपर्ने हुन्छ ।

क) शुरुवात,
ख) सरोकारवालाहरुको परिचालन,
ग) प्रमाण संकलन,
घ) प्रमाणको प्रयोग ।

यी चरणहरु पार गर्ने सन्दर्भमा सबै समाजमा एकै प्रकारको विधि या प्रक्रियाको प्रयोग गर्नु पर्छ भन्ने छैन । समाजको वस्तुस्थिति र जवाफदेहिता बृद्धि गर्नका लागि निर्धारित संस्था वा व्यक्तिमा ल्याउन चाहेको परिवर्तनका आधारमा नागरिक या नागरिक समाजले आत्नो-आत्नो तरिका अवलम्बन गर्न सक्तछन् । वास्तवमा जवाफदेहिताको काम भनेको सेवा प्रदायकले सेवा ग्राहिलाई प्रदान गरिने सेवाको विविध क्रियाकलापको समग्र अध्ययन र नतिजाको संश्लेषण हो ।



### क. जवाफदेहिता सम्बन्धी कामको शुरूवात

जवाफदेहिता सम्बन्धी कामको शुरुवात गर्नुभन्दा पहिले तपाई त्यसबाट के उपलब्धि हासिल गर्न चाहनुहुन्छ भन्ने कुरामा स्पष्ट हुनुपर्दछ । तसर्थ कार्यको थालनी वा शुरवातिका लागि मूख्य लक्ष्य (केन्द्रविन्दु) निर्धारण गर्नु अर्थात परिवर्तन ल्याउन चाहेको मुख्य विषयबारे स्पष्ट हुनु जरुरी छ । जवाफदेहिता सम्बन्धी कामको थालनी गर्दा त्यसको मुख्य विषयलाई परिभाषित गर्न या बुझ्न निम्न आधारभूत तत्वहरु वारे जान्न जरुरी छ कामको थालनी यही बुझाइको आधारमा गर्नुपर्दछ ।

(क) जवाफदेहिता (परिवर्तन) कायम गर्न र सो कायम गर्न चाहने कारक तत्वहरुको विश्लेषण गर्नु पर्दछ ।

(ख) जवाफदेहिता (परिवर्तन) लाई प्रभाव पार्न सक्ने र प्रभावित हुने सरोकारवालाको पहिचान गर्नुपर्दछ ।

(ग) परिवर्तका लागि सरकारमा दायित्व छ, छैन स्पष्ट हुनुपर्दछ ।

(घ) सरकारमा दायित्व छ भने कुन अङ्ग वा व्यक्ति (पदाधिकारी) को दायित्व हो बुझ्नु पर्दछ ।

(ङ) जवाफदेहिता कायम गर्न सरोकारवालहरु कति सक्षम छन् लेखा जोखा गर्नुपर्दछ ।

(च) जवाफदेहिता (परिवर्तन) कायम गर्न अवरोध सृजना गर्ने र सहयोग गर्ने शक्तिहरुको बारेमा यथार्थ ज्ञान हासिल गर्नुपर्दछ ।

संक्षेपमा जवाफदेहिता नागरिकहरुले ल्याउन कार्य शुरु गर्दा मुख्य हो भन्ने विषयलाई पत्ता त्यसका लागि प्रभाव लगाउनु, कस्को दायित्व गर्दछ र कसले अवरोध सरोकारवालाहरुको सम्बन्धी कार्यको शुरुवाती

> सरोकारवालाको परिचालन भनेको जवाफदेहिता कायम गर्नका लागि विभिन्न सरोकारवालाहरुलाई परिवर्तनका लागि संलग्न गराउन गरिने व्यवहार/अपील हो भन्ने बुझ्नु पर्दछ ।

अर्थात समाजमा चाहेको परिवर्तनका लागि रुपले के परिवर्तन चाहेको लगाउन जरुरी छ । पार्ने कारक तत्व पत्ता हो जान्नु, कसले सहयोग गर्दछ विश्लेषण गर्नु र पहिचान गर्नु जवाफदेहिता काम हो ।

**ख. सरोकारवालाहरूको परिचालन**

जवाफदेहिता सम्बन्धी कार्यको दोस्रो चरण भनेको परिवर्तन ल्याउन चाहने सरोकारवालाहरुको पहिचान र परिचालन हो । त्यसका लागि सरोकारवालाहरुको पहिचान पहिलो कार्य हो । जवाफदेहिता सृजना गर्न र परिवर्तन गर्न चाहेको प्रमुख विषयका आधारमा सरोकारवालाहरु भन्नाले सेवा प्रदायक (जसलाई परिवर्तन गर्नुपर्दछ ), अधिकारवाला (जसले परिवर्तनको फलको हक प्राप्त गर्दछ ), लाभग्राही (प्रत्यक्षँ हकवाला नभएपनि लाभ प्राप्त गर्ने ), प्रभावित (जसले फाइदा पाउदैन ), रुची भएका पक्षँ (जसले परिवर्तनको पक्ष विपक्षमा मत राख्छ ) आदि हुन् भनेर बुझ्नुपर्दछ ।

समाजको परिवर्तन एक्लो प्रयासले सम्भव छैन त्यसका लागि नागरिकहरुको समूह, सरोकारवालाहरुको एकता जरुरी हुन्छ । सरोकारवालाको परिचालन भनेको जवाफदेहिता कायम गर्नका लागि विभिन्न सरोकारवालाहरुलाई परिवर्तनका लागि संलग्न गराउन गरिने व्यवहार/अपील हो भन्ने बुझ्नु पर्दछ । सरोकारवालाहरुलाई विभिन्न तरिका र क्रियाकलापको प्रयोग गरेर परिचालन गर्नुपर्ने हुन्छ । सरोकारवालाहरुलाई निम्न उद्देश्यका लागि परिचालन गर्न सकिन्छ ।

- सूचना प्राप्त गर्न, जवाफदेहितामा स्थान प्रदान गर्न, अन्य सरोकारवालामा पहुँच पुऱ्याउन ।
- सम्बन्धित संस्था वा व्यक्तिले आत्नो दायित्व पुरा गरेको छ या छैन भन्ने प्रमाण जुटाउन, संकलन गर्न ।
- नेता वा अधिकारवालालाई जवाफदेही बनाउनका लागि प्रमाणको रुपमा प्रयोग गर्न ।
- जे लक्ष्य (परिवर्तन) प्राप्त गर्ने हो त्यसका लागि निर्णय गर्न ।

**प्रमाण संकलन**

जवाफदेहिता सम्बन्धी कार्यको तेस्रो चरण प्रमाण संकलन हो । प्रमाण संकलन गर्नु पूर्व माथि चर्चा गरिएको दुईवटा चरण जसमा हामीले चाहेको परिवर्तन के हो ? त्यो परिवर्तनका लागि सरकारको के दायित्व छ र त्यो कार्यका लागि को संग सहकार्य गर्ने, को प्रभावित हुने, कसरी के गर्न र कुन समयमा सरोकारवालाहरुको परिचालन गर्ने भन्ने बारेमा पूर्ण जानकारी पाउन जरुरी छ ।

प्रमाण संकलन गर्दा राज्यले तोकेको दायित्व र सम्बन्ध एवम् निर्देशित, मापदण्ड तथा प्रतिवद्धताहरुबारे गहिरो जानकारी हासिल गर्नु अनुगमन कर्ताको मुख्य कर्तव्य हो । त्यसपछि मात्र अनुगमन कर्ता प्रतिवद्धता र मापदण्डलाई अनुगमन गर्ने सूचक पत्ता लगाउन सक्तछ ।

सूचक गुणात्मक अथवा संख्यात्मक हुन सक्तछ । जस्तो कि कुनै गाउँको खानेपानी आयोजना बारे जनधारणा गुणात्मक हो भने त्यो खानेपानी आयोजना अन्तरगत लाभान्वित हुने जनसंख्या/धाराको संख्या/ संख्यात्मक सूचक हो । त्यस्तै गरी सूचक प्रत्यक्ष वा अप्रत्यक्ष सूचक पनि हुन सक्तछ । जस्तो कि बालमृत्युदर एउटा सूचक हो जसले प्रत्यक्षतः ५ वर्ष मुनिका बालक बालिकाको गणना सूचित गर्दछ र अप्रत्यक्षतः त्यस ठाउँ/गाउँको गरिबिको सूचना प्रदान गर्दछ । सूचकलाई कूल वा विभाजन सूचकका रुपमा पनि लिन सकिन्छ । कुनै विद्यालयमा ५० जना छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी छन् यो कूल सूचक हो । त्यसलाई ३० जना केटा र २० जना केटी पनि भन्न सकिन्छ यो विभाजित सूचक हो । प्रमाण संकलनको लागि सूचक तयार पार्नु महत्वपूर्ण कार्य हो । सूचकको अभावमा परिवर्तनको मापन गर्न सकिदैन । तर सूचक तैयार पार्दा विशेष ध्यान दिनुपर्दछ । सूचकका निम्न विशेषता हुन्छन् ।

- सूचक निर्दिष्ट, स्पष्ट हुनुपर्दछ अर्थात ठोस र मापन गर्न सकिने, पुष्टि गर्न सकिने हुनुपर्दछ ।
- सूचक व्यवहारिक रुपमा हासिल गर्न वा संकलन गर्न सकिने हुनुपर्दछ ।
- सूचक उत्तर संकलन गर्न सहयोगी सान्दर्भिक हुनुपर्दछ ।
- सूचक समयसीमाबद्ध हुनुपर्दछ ।

कतिपय अवस्थामा अनुगमनकर्तालाई सूचना प्राप्त गर्न ज्यादै कठिनाई हुने हुन्छ । आफुले अनुगमन गर्न चाहेको प्रतिवद्धता र मापदण्डको सूचना पाउन कठिन अवस्थामा अनुगमनकर्ताले सूचना प्राप्त गर्ने सूचनाको हक सम्बन्धी कानुनवारे राज्यले व्यवस्था गरेको विधिको ज्ञान हुनु जरुरी छ । यसको अलावा सरकारले पारदर्शीताका लागि अवलम्बन गर्ने संयन्त्रहरुवारे पनि जानकारी लिनु पर्दछ । सूचनामा पहुँचको कुरा गर्दा एउटा कुरा मनन गर्न जरुरी छ । सरकारी सूचनालाई तवमात्र पारदर्शी भन्न सकिन्छ जव त्यो सम्बन्ध पक्षमा पुग्दछ र त्यो सूचनाको कुरा बुझ्दछ । अनुगमन कर्ताले यो विषयलाई गंभिर रुपले ग्रहण गर्न जरुरी छ ।

प्रमाण संकलन गर्दा अनुगमन कर्ताले परिवेश, सूचकको प्रकार, साझेदार र लक्षित समूह जस्ता तत्वहरुबारे ध्यान दिनुपर्दछ । परिवेश भन्नाले तपाईले अनुगमन गर्ने कार्यालय परिसरमा

जान तपाईलाई अनुमति चाहिन्छ, चाहिदैन ध्यान दिनुपर्दछ, भन्ने हो । जस्तो कि मालपोत कार्यालयमा र व्यारेकमा अनुगमन गर्दा अवलम्बन गरिने तरिका फरक हुने गर्दछ । अनुगमन गर्ने र प्राप्त गर्ने सूचक संख्यात्मक/गुणात्मक कस्तो हो या सूचकको प्रकृति प्रत्यक्ष वा अप्रत्यक्ष, कूल वा विभक्त त्यसका लागि उपयुक्त व्यक्ति छनौट गरिनु पर्दछ । भावि समयमा परिवर्तनका लागि प्रमाणको प्रयोग गर्ने क्रममा यो सूचना नै महत्वपूर्ण आधार हुने हुनाले यस प्रति गंभिर ध्यान दिनु पर्दछ ।

प्रमाण संकलन गर्दा अनुगमन कर्ता, नागरिक समाजले धेरै तरिकाहरु अवलम्बन गर्न सक्तछन् । त्यसमध्ये सेवा प्रदायकहरुद्वारा वितरण गरिने सामाग्रीको अनुगमन, निर्माण परियोजनाको सुपरिवेक्षँण, लेखापरिक्षण, समूहगत छलफल, प्रश्नावली, बजेट विश्लेषण, अन्तरवार्ता, समुदायमा आधारित अनुगमन, सामाजिक परिक्षण, सेवा प्रदान गर्ने ठाउँको अनुगमन, खरिद विक्रि अनुगमन, नागरिक प्रतिवेदन कार्ड सामुदायिक अंक कार्ड, सेवा आंकलन आदि ।

अनुगमन गर्ने या प्रमाण संकलन गर्ने शैली समय समयमा बदलिरहन सक्तछ तसर्थ हामीले के लक्ष हासिल गर्न, कस्तो प्रमाण संकलन गर्दैछौं, त्यसको लागि उपयुक्त पद्धति छनौट गर्ने सीप अनुगमन कर्तामा हुनुपर्दछ र उसले नै पद्धति या तरिका छनौट गर्नुपर्दछ ।

**प्रमाणको प्रयोग**

**नागरिक शिक्षा, सार्वजनिक खर्चको सोध खोज, मापदण्ड एवम् प्रतिवद्धताहरूको सूची, सामुदयिक अङ्क पत्र, नागरिक प्रतिवेदन पत्र, सार्वजनिक सुनुवाइ, सार्वजनिक लेखा परिक्षण, सार्वजनिक राजश्व अनुगमन, नागरिक उजुरी संरचना जवाफदेहिता र सदाचार सम्बन्धी संयन्त्रहरू हुन् ।**

जावफदेहिता सम्बन्धी कार्यको अन्तिम चरण प्राप्त प्रमाणको प्रयोग हो । नागरिक समाजले त्यस्तो प्रमाणको प्रयोग गरेर सम्बन्धित संस्था/व्यक्ति वा कार्यालयलाई जवाफदेही बन्न सहयोग गर्दछ। सेवा प्रदायक संस्थाले सेवा ग्राहीहरुका लागि प्रदान गरिने सेवाका वारेमा गरेका प्रतिवद्धता, राज्यले निर्धारण गरेको मापदण्ड ठीक ढङ्गले सेवाग्राही समक्ष पुगेको छ या छैन त्यसको प्रमाण प्रयोग गर्ने कार्यबाट जवाफदेहिता बृद्धि गर्न मद्दत पुग्दछ । नागरिक समाजले यस्तो प्रमाणको प्रयोग सार्वजनिक सुनुवाइ, सार्वजनिक लेखा, वकालत, सामुदायिक सूचना पाटी, सञ्चारमाध्यम आदिको माध्यमद्वारा गर्ने गर्दछन् । यी मध्ये सार्वजनिक सुनुवाइ विशेष प्रयोगमा आएको साधन हो । त्यस्तै सार्वजनिक वकालत जसलाई कारवाहिका लागि वकालत भन्ने गरिन्छ त्यसको प्रयोग पनि गरिन्छ । प्रमाणका आधारमा दोषीलाई मुद्दा हालेर, भण्डाफोर गरेर, अनुशासनको कारवाही गराएर, अदालत मार्फत कारवाही गरेर पनि जवाफदेहिता निर्माण गर्न सकिन्छ ।

जवाफदेहिताका लागि कार्य गर्ने अनुगमन कर्ताले प्रमाणको संकलन गरी त्यसको प्रयोग गर्नुको अर्थ जवाफदेहिता कायम गर्नु हो । अर्को अर्थ नागरिक र राज्य बीच हुने असमझदारी र दुर्व्यवहारमा न्यूनीकरण गर्नु पनि हो । प्रमाणको प्रयोग गर्नु पूर्व प्रमाणको सत्यता जाँच गरिनु पर्दछ अन्यथा नागरिक समाज र राज्य संयन्त्रबीच द्वन्द्व बढ्न सक्तछ । सामाजिक जवाफदेहिता सृजना गर्ने र प्रमाणको प्रयोग गरी जवाफदेहिता बृद्धि गर्ने धेरै संयन्त्रहरु छन् । त्यसलाई विकास सम्बन्धी संयन्त्र, सूचना सम्बन्धी संयन्त्र र जवाफदेहिता

र सदाचार संम्बन्धी संयन्त्रको रुपमा बुझ्न सकिन्छ । त्यसमध्ये सदाचार पद्धति सम्पत्ति घोषणा, समुदायको नेतृत्वमा गरिने खरिद, सहभागितामूलक बजेट तर्जुमा, योजना तर्जुमा, सरोकारवालाहरुको समूह निर्माण जस्ता संयन्त्रहरु विकास सम्बन्धी संयन्त्रहरु हुन् । नागरिक वडापत्र, सेवा सुविधाहरुको सूची, स्थानीय निकायको बजेट, सूचनाको हक सम्बन्धी कानुन, कानुन नीति नियमहरुको सूचक, सूचना सम्बन्धी संयन्त्रहरु हुन् । नागरिक शिक्षा, सार्वजनिक खर्चको सोध खोज, मापदण्ड एवम् प्रतिवद्धताहरुको सूची, सामुदयिक अंङ्क पत्र, नागरिक प्रतिवेदन पत्र, सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परिक्षण, सार्वजनिक राजश्व अनुगमन, नागरिक उजुरी संरचना जवाफदेहिता र सदाचार सम्बन्धी संयन्त्रहरु हुन् । उपरोक्त संयन्त्रहरु अनुगमनकर्ताले उपयुक्त कुनै एक वा दुइ संयन्त्रहरुको प्रयोगगरी जवाफदेहिता कायम गर्न सक्तछन् । तर ती संयन्त्रहरु प्रयोग गर्नुपूर्व ती संयन्त्रहरुवारे अनुगमनकर्ता र प्रमाणको प्रयोगकर्ताले यथेष्ट ज्ञान हासिल गर्न जरुरी छ ।

सममाजिक जवाफदेहिता वृद्धि गर्न क्रियाशील नागरिक अनुगमनकर्ताले संक्षेपमा निम्न अनुसार कार्यको थालनी गर्नुपर्दछ ।

१. के बारेमा र कहाँ प्रमाण खोज्दै हुनुहुन्छ छनौट गर्नुहोस्
२. लक्ष वा उद्देश्य निर्धारण गर्नुहोस् ।
३. सरोकारवालाहरु को हुन पहिचान गर्नुहोस् ।
४ प्रमाण संकलनका लागि सीप र ज्ञानयुक्त व्यक्ति (अनुगमनकर्ता) छान्नुहोस् ।
५. प्रमाण संकलन विधि र सीप सिकाउनुहोस र जिम्मेवारी निर्धारण गर्नुहोस् ।
६. प्राप्त प्रमाणको पुनः परिक्षण गरी प्रमाणप्रति विश्वस्त हुनुहोस् ।
७. प्रमाण प्रयोग गर्ने विधिको छनौट गर्नुहोस् ।
८. सरोकारवाला र सम्वन्धित संस्था तथा व्यक्तिहरुलाई जानकारी दिनुहोस् ।
९. प्रमाणको प्रयोग गरी दवाव सिर्जना गर्नुहोस् ।
१०. जवाफदेहिता विधिले काम गर्‍यो गरेन पुनः जाँच्नुहोस् ।
११. विधि उपयुक्त भए दोहोर्‍याउनुहोस् नभए पुनः उपयुक्त विधि छनौट गर्नुहोस् ।

**(याद गर्नुहोस् जवाफदेहिता सम्बन्धी कार्य भनेको निरन्तर गरी रहनु पर्ने कार्य हो । यो कार्य गर्दा धेरै चुनौती आउन सक्तछन् स्पष्ट प्रमाण र पर्याप्त ज्ञानका लागि गम्भीर हुनुहोस् ।)**

**सन्दर्भ सामाग्रीहरू**


१. एक्सन एड (प्रमाणको प्रयोग गरी जवाफदेहिता कसरी स्थापित गर्ने (विकासकर्मी र शिक्षण सहजकर्ताका लागि लोकतान्त्रिक जवाफदेहिता वारे स्रोत पुस्तक ।

२. PRAN (सामाजिक जवाफदेहिताका लागि २१ सयन्त्र (स्रोत पुस्तक) (केदार खड्का/चिरञ्जीवि, नेपालमा जवाफदेहिताबारे सम्बन्धी कार्यक्रम PRAN विश्व वैंक नेपाल

३. जिल्ला विकास समिति महासंघ, नेपाल : (स्थानिय निकायमा पारदर्शिता तथा जवाफदेहिता अभिवृद्धि अध्ययन प्रतिवेदन-पौष, २०६२

४. www.changemanagement .com

५. Business Dictionary.com